# स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७६

(मिति २०७६/०८/०२ गते माननिय मन्त्रीस्तरबाट स्वीकृत)

<u>प्रस्तावना</u>ः स्याउ बगैंचाको समस्या समाधान र बगैंचा व्यवस्थापनमा सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बगैचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन गरी सो कार्यलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले ,

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

**<u>प्रारम्भिक</u>**

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यो कार्यविधिको नाम **"स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि गण्डकी प्रदेशभर तुरुन्त लागु हुनेछ ।

२.<u>परिभाषा</u>ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) “कृषि ज्ञान केन्द्र” भन्नाले सम्बन्धित जिल्ला स्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने निकाय कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्छ ।

ख) "खेती" भन्नाले स्याउ खेतीलाई सम्झनु पर्छ ।

ग) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

घ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

ङ) "व्यवस्थापन कमी" भन्नाले स्याउका बोट बिरुवामा काँटछाट, मलजल, सूक्ष्म खाद्यतत्वको कमि, रोग किराको आक्रमण, जलवायु परिवर्तन, गुणस्तरहिन बिरुवाको अव्यवस्थित प्रयोगलाई वा सही तरिकाले बगैंचाको व्यवस्थापन नगर्नुलाई जनाउँछ ।

च) "सम्बन्धित निकाय" भन्नाले स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन गर्ने कार्यालय भन्ने सम्झनु पर्छ।

छ) "स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम" भन्नाले रोग कीराबाट बढी क्षति भएको बोट हटाई नयाँ गुणस्तरीय बिरुवाबाट बगान विस्तार गर्ने, फल दिने बोट काँटछाँट गर्ने, टेका लगाउने, मलजल तथा रोगकीरा व्यवस्थापन गर्ने कार्यक्रमलाई सम्झनु पर्छ ।

३. <u>कार्यक्रमको उद्देश्य</u>ः यस कार्यक्रमो उद्धेश्य देहाय वमोजिम हुनेछ ।

(क) व्यवस्थापकीय कमिले गर्दा वर्षेनी ह्रास हुँदै गएका वा अब्यवस्थित बगैंचाको सुधार गरी व्यवसायिक उत्पादन प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(ख) स्याउ उत्पादनको व्यवसायिक प्रवर्द्धन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने ।

(ग)उत्पादनको गुणस्तरमा सुधार गर्ने ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

(घ)बगैंचा व्यवस्थापनको लागि कृषकहरुको ज्ञान सीपमा अभिबृद्धि गर्ने ।

(ङ)कृषकहरुको आयस्तरमा सुधार ल्याउन मद्दत पुऱ्याउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन

५. <u>कार्यक्रम सञ्चालनका आधारहरु:</u> (१) कार्यक्रम संचालन पूर्व स्याउ लगाइएका बगैंचाको आधारभूत तथ्यांक संकलन गर्नु पर्नेछ । कार्यक्रम संचालन अघि र संचालन गरेपछिको अवस्था स्पष्ट झल्किने गरी फोटो समेत राखिएको हुनु पर्नेछ ।

(२)कार्यक्रम संचालन गर्ने सम्भावित बगैंचाहरु मध्येबाट मुलत: व्यवस्थापनको कमी देखिएको बगैचा छनौट गरी स्वीकृत कार्यक्रम र बजेट बमोजिम बढीमा तीन किस्तामा अनुदान उपलब्ध गराईने गरी कार्यक्रम संचालन गरिनेछ । कार्यक्रम संचालन गर्दा पकेट क्षेत्रका बगैंचाधनी, कृषक समूह, कृषि सहकारी संस्था आदिलाई सिफारिस बमोजिम सहभागी गराइनेछ ।

(३)कार्यक्रम संचालनको प्रथम, दोस्रो र तेस्रो चौमासिक अवधि भित्रै सम्बन्धित निकायले कार्यक्रम संचालन गर्नेछ।

(४) स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन भएको स्थानको अनिवार्य माटो परीक्षण गरी खाद्यतत्वको अवस्था पत्ता लगाई सो अनुरुपको खाद्यतत्व व्यवस्थापन कार्य संचालन गरिनेछ ।

(५) सिंचाई सुबिधा नभएको स्थानहरुमा पोखरीमा पानी संकलन गरी कम्तिमा १ पटक सिंचाई व्यवस्थाका लागी कार्यक्रममा समावेश गर्दै जाने र सम्भव भए सम्म थोपा सिंचाईलाई प्रोत्साहन दिईनेछ ।

(६)स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन र संयोजनको लागी दफा ८ बमोजिम समिति गठन गरिनेछ ।

६. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:</u> स्याउ बगैंचा ह्रास भएका गण्डकी प्रदेशका जिल्लाहरुमा बगैंचा सुधार तथा व्यवस्थापन गर्न सहयोग उपलब्ध गराउने उद्देश्यले सम्बन्धित कार्यालयले ३० दिनको म्याद राखी अनुसुची १ बमोजिम प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशन गर्नेछ । सूचना प्रकाशन भए बमोजिम कृषक/कृषक समूह/सहकारी/कृषि फार्म आदिले दफा ६ बमोजिमका सबै कागजात संलग्न गरी अनुसूची २ बमोजिमको निवेदनको ढाँचामा अनुसूची ३ बमोजिमको आवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. <u>आवेदन दिन आवश्यक योग्यता:</u> आवेदन दिन देहाय अनुसारका योग्यता हुनुपर्नेछ:

क) कृषक, कृषि फर्म/समूह/सहकारी वा संस्थाले प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

ख) सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

ग) समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले बगैंचा सुदृढीकरण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

घ) आवेदकले आफूले संचालन गर्दै आएको स्याउ फलफूल खेतीको अनुसूची ३ बमोजिमको विवरण ।

ङ) घटीमा १५ बर्षसम्म स्याउ खेती सञ्चालन गर्ने अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र ।

च) कम्तीमा फलिरहेको ५० बोट स्याउ भएको र थप बगैंचा बिस्तार गर्न मिल्ने ठाउँ भएको, एकै रोड कोरीडोर वा चक्लाबन्दी गर्न सकिने ठाउँ भएको।

छ) सम्बन्धित कृषि ज्ञान केन्द्रबाट प्राबिधिक रुपमा कार्यक्रम संचालन गर्न उपयुक्त रहेको सिफारीस पत्र ।

८. **प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन**: (१) कृषि विकास निर्देशनालयले कार्यक्रम संचालन गरेको अवस्थामा देहाय बमोजिमको समिति हुनेछ:

(क) वरिष्ठतम् उप-सचिव स्तरको अधिकृत, कृषि विकास निर्देशनालय, पोखरा – अध्यक्ष

(ख) खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा प्रमुख, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय– सदस्य

(ग) बागवानी बिकास अधिकृत, कृषि विकास निर्देशनालय – सदस्य

(घ) वरिष्ठ वागवानी विकास अधिकृत, वागवानी विकास शाखा, कृषि विकास निर्देशानालय– सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रले कार्यक्रम संचालन गरेको अबस्थामा देहाय बमोजिमको समिति हुनेछ :

| | |
|---|---|
| (क) वरिष्ठतम् अधिकृत | -संयोजक |
| (ख) बाली संरक्षण अधिकृत | -सदस्य |
| (ग) कृषि प्रसार अधिकृत | -सदस्य |
| (घ) बागबानी विकास अधिकृत | -सदस्य सचिब |

(३) समितिले उपयुक्त देखेको विषय मिल्ने अन्य पदाधिकारी वा ब्यक्ति (बढिमा ३ जना ) बैठकमा आमन्त्रित गर्न सक्नेछ।

९. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ:

(क) यस कार्यविधिको अनुसुची ५ को मूल्याङ्कनका आधारमा आवेदनहरुको मूल्याङ्कन गर्ने ।

(ख) मूल्याङ्कन बमोजिम योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधिभित्र कति वटा ठाँउमा कार्यक्रम वा सहयोग उपलब्ध गराउन सकिन्छ सोको यकिन गरी आवेदक कृषकहरुको छनौट गरी निर्णयार्थ पेश गर्ने ।

(ग) स्याउ बगैंचा रोग,कीरा खाद्यतत्व, व्यवस्थापन वा सिंचाई के को कारणले ह्रास भएको हो यकिन गरी सुधार तथा व्यवस्थापन कार्यक्रम अघि बढाउने ।

(घ) बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रमको लागि नियमानुसार किस्ता भुक्तानीको लागि सिफारिस गर्ने ।

(ङ) बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रमको अनुगमन गर्ने ।

(च) अनुदानग्राहीलाई कार्यक्रम संचालनको क्रममा आवश्यक प्राविधिक सल्लाह दिने।

(छ) अनुदान रकमको सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारवाहीका लागि सिफारिस गर्ने।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

(ज) आवश्यक परेको अवस्थामा प्रयोगशालाबाट पनि प्राबिधिक सहयोग लिने ।

(झ) मूल्याङ्कन सम्बन्धी आवश्यक अन्य काम गर्ने ।

## परिच्छेद ३

## मुल्यांकन तथा छनौट व्यवस्था

१०. **प्रस्तावको मूल्यांकन तथा छनौट:** १) दफा ६ अनुसार आव्हान गरिएको सूचनाको लागि दफा ७ बमोजिम आवश्यक योग्यता पुगी पेश हुन आएका प्रस्तावहरूलाई दफा ८ बमोजिमको समितिले अन्तिम मूल्यांकन गर्नेछ ।

२) स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित समितिले अनुसूची ५ मा उल्लेखित मूल्यांकनका आधारहरु बमोजिम मूल्यांकन गरी अन्तिम छनौट गरी निर्णयार्थ पेश गर्ने छ । सो को जानकारी सूचना पाटीमा प्रकाशन गर्नेछ।

३) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा र आवश्यक न्युनतम् योग्यता पुरा नगरेको ठहर भएमा सो प्रस्ताव रद्द गरी अन्य बाँकी प्रस्तावहरुको मूल्याङ्कन कार्य अगाडी बढाईनेछ ।

४) बगैंचा सुधारका लागि छनौट भएका कृषकहरुको नामावली सूचना पांटीमा टाँस गरी कृषकहरुलाई जानकारी दिईनेछ ।

## परिच्छेद ४

## कार्यक्रम सम्झौता सम्बन्धि व्यवस्था

११. **अनुदानग्राही सँग सम्झौता:**अनुदानग्राही सँग देहायबमोजिम सम्झौता गरिनेछ ।

(क)स्याउ बगैंचा सुधार तथा व्यवस्थापन अभियान कार्यक्रम कार्यन्वयनको लागि आवश्यक कार्यक्रम तथा बजेट तयार गर्ने ।

(ख)प्राविधिकबाट स्वीकृत लागत अनुमान अनुसार अनुदानग्राहीले स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

(ग) स्वीकृत लागत अनुमानको आधारमा र अनुदानग्राही संस्था बीच अनुसूची ६ बमोजिमको द्विपक्षिय सम्झौता गरिनेछ । स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम अनुदानग्राही आफैंले गर्नु पर्नेछ। अन्य कुनै ठेकेदार वा ठेकापट्टा द्वारा संचालन गर्न पाइने छैन ।

## परिच्छेद ५

## अनुदान रकम प्रवाह

१२. **अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि:** १) कृषि विकास निर्देशनालय / कृषि ज्ञान केन्द्रले तोकेको प्राविधिकको सिफारिस र कार्य प्रगतिको आधारमा बढीमा तीन किस्तामा सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत कार्यक्रम संचालनको उपलब्ध गराइने अनुदान रकम अनुसूची ७ बमोजिम हुनेछ ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

२) अनुदानग्राहीले आफूले लगानी गर्न कबुल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी बैंक दाखिला गरेको वा वित्तिय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिबद्धता पत्र वा अन्य भरपर्दो जानकारी/विवरण प्राप्त भएपछि मात्र स्वीकृत अनुदानग्राहीलाई कार्यक्रम अघि बढाउन कार्यदिश दिइनेछ ।

३) यस सम्बन्धी अन्य कुरा अनुसूची ७ बमोजिम हुनेछ र बगैंचा व्यवस्थापन सिंचाई पूर्वाधार वनाउनु पर्ने भएमा त्यसको लागत अनुमानको ४ प्रतिशत रकम कन्टिनजेन्सी कटाई बाँकि रकम उपलब्ध गराईने छ।

१३. <u>अनुदानग्राहीले पालना गर्नुपर्ने</u>: (१)अनुदानग्राहीले अनुसूची ३ बमोजिमको वार्षिक कार्ययोजना अनुसारको बगैंचा व्यवस्थापन गर्नुपर्नेछ ।

२) अनुदानग्राहीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विस्तृत लागत विवरण खुल्ने होर्डिङ्ग वोर्ड बगैंचाको खुला स्थलमा टाँस्ने व्यवस्था गर्नुपर्नेछ ।

३) सम्पन्न काम र खर्चको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

४) कार्यक्रम संचालनको क्रममा मन्त्रालय वा निर्देशनालय वा ज्ञान केन्द्रले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

५) सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको बगैंचा व्यवस्थापन सम्बन्धी हिसाब किताब हेर्न सक्नेछ। उक्त हिसाब किताब देखाउनु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

६) अनुदानग्राहीले अन्तिम भुक्तानी माग्नु पूर्व संचालित परियोजना/अनुदान कार्यक्रमको सार्वजनिकरण समेत गरेको हुनुपर्नेछ ।

७) कार्यक्रम सम्पन्न भईसकेपछि सोको संचालन लगायत व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

## परिच्छेद ६

## <u>अनुगमन मुल्यांकन</u>

१४. <u>अनुगमन सम्बन्धित व्यवस्था</u>: (१) बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम र सोको प्रभावकारिताको अनुगमन तथा मूल्यांकन मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र र प्राविधिक तथा मूल्याकंन समितिले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्नेछन् ।

२) अनुगमन निरीक्षणको प्रतिवेदन कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ।

३) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

५) प्रगति प्रतिवेदनलाई विश्लेषणात्मक प्रतिक्रिया सहित निर्देशनालय पठाउनु पर्नेछ ।

१५. <u>कारवाहीको व्यवस्था</u>: (१)सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ ।

२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरिनेछ ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

३) सम्झौता अनुरुप निर्माण नगर्ने र रकमको हिसाव नबुझाउने अनुदानग्राहीलाई सम्वन्धित कार्यालयले प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

१६. <u>बाधा अड्काउ फुकाउ</u>: यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

१८. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>संशोधन</u> : यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूची १

(दफा ६ सँग सम्वन्धित)

**<u>स्याउ बगैंचा सुधार तथा व्यवस्थापन  कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना</u>**

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस ......को आ.व  ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रतिस्पर्धाको आधारमा सञ्चालन गरिने स्याउ बंगैचा सुधार तथा व्यवस्थापन  कार्यक्रम रहेको हुँदा ईच्छुक गण्डकी प्रदेशका कृषि उद्यमी, फार्म, कम्पनी, समूह, कृषकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र अनुसूची २ र ३ अनुसारको कागजातहरु संलग्न राखी प्रस्ताव सहित आवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन बुझाउने सम्बन्धमा थप जानकारीका लागि .................. मा सम्पर्क राख्न सकिने छ ।

रु १० को टिकट

अनुसूची २

(दफा ६ सँग सम्वन्धित)

<u>स्याउ बगैंचा सुधार तथा व्यवस्थापन  कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा</u>

मिति : ..........................

श्रीमान् प्रमुख ज्यू

, ...................

**विषयः स्याउ बगैंचा सुधार तथा व्यवस्थापन  कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

महोदय,

म/हामी यस निवेदन फाराममा हस्ताक्षर भएका व्यक्तिहरूबाट गण्डकी प्रदेश, गा पा.......वडा नं  स्थान ............................................... मा अवस्थित ...............स्याउ बगैंचा सुधार तथा व्यवस्थापन  कार्यक्रम सञ्चालनको लक्ष्य रहेकोले सोका लागी कुल लागत अनुमान रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौं ।

<u>संलग्न कागज पत्रहरु:</u>

१. रु. १० को टिकट टांसेको आवेदन।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. फर्म, समूह, सहकारी वा संस्था दर्ता तथा नवीकरण र स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि

४. जग्गाको लालपुर्जा वा लिजमा लिएको भए सो को प्रतिलिपि  ।

५. समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले बगैंचा सुधार तथा व्यवस्थापन  सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

६. उत्पादन कार्ययोजनाको बिबरण (अनुसूची ३ बमोजिमको) ।

७.स्थानिय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिसपत्र ।

८. कृषि ज्ञान केन्द्रको प्राविधिक रुपमा उपयुक्त हुने /नहुने सिफारीश पत्र ।

<u>निवेदक</u>

............उद्यमी, कृषक समूह/सहकारी/संस्थाको अध्यक्ष/प्रतिनिधिको नामः

हस्ताक्षरः

सम्पर्क नं.

संस्थाको छापः

अनुसूची ३

(दफा ६ सँग सम्वन्धित)

**प्रस्ताव विवरण**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदकको नाम: | |
| पूर्ण ठेगाना (पत्राचारको लागि): | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा मात्र चिन्ह लगाउने) | १. कृषक समूह<br>२.सहकारी<br>३. उद्यमी<br>४. अन्य |
| संस्था दर्ता भएको मिति: | |
| स्थायी लेखा नम्बर: | |
| संस्थाको मुख्य उद्देश्य : | |
| प्रोप्राइटर वा अध्यक्षको नाम: | |
| मोबाईल नम्बर: | |
| परियोजना स्थल (कार्य क्षेत्र): | |
| प्रस्तावित आयोजनाको कुल खर्च(यसमा अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय संस्थाबाट कुनै कार्य भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यको लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनु होस् । | |

२. स्याउ फलफूल खेतीको अवस्था

| क्र.स | जिल्ला वडाको नाम, वडा नं | आयोजकको नाम | स्याउ फलफुलको किसिम | उत्पादन लागत (रु/हे.र रु/प्रति बोट) | स्याउ बगैचा क्षेत्रको | | | कार्यक्रम संचालन हुने | | | पूर्वाधार सुविधा | | | | | लाभान्दित समूह विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे) | क्षेत्रफल (हे) | उत्पादन (मे.टन/हे) | उत्पादकत्व (मे.टन/हे) | सिंचाई छ/छैन | सडक छ/छैन | बिद्युत छ/छैन | भण्डारण छ/छैन | नजिकको बजार दुरी | समूह संख्या | पुरुष संख्या | महिला संख्या | जम्मा संख्या |
| | | | | | | | | | | | | | | | | | | | |

३. परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. लागत साझेदारी

| क्र.स | विवरण | वार्षिक खर्च (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ४

(दफा ७ सँग सम्वन्धित)

**प्रतिबद्धता पत्र नमुना**

....................को मिति ................. मा प्रकाशित सूचना अनुसार स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागी कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटिमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागी अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति सम्वत् २०७...........गते ..............रोज ....... शुभम् ।

नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची ५

(दफा ९ सँग सम्वन्धित)

<u>मुल्यांकनका आधारहरु</u>

| सि . नं. | विवरण | प्राप्त हुने अंक |
|---|---|---|
| १. | बगैंचाको उमेर | १० |
| | क) ५ बर्ष भन्दा अधिक भएको | १० |
| | ख) ३ वर्ष देखि ५ बर्ष सम्म | ९ |
| | ग) २ वर्ष देखि ३ बर्ष सम्म | ८ |
| | घ) १ वर्ष देखि २ वर्ष सम्म | ७ |
| २. | भौगोलिक अवस्था र वातावरण (जस्तै उचाइ, तापक्रम, वर्षा आदिको ) | १० |
| | क) उपयुक्तता भएको | १० |
| | ख) उपयुक्तता कम भएको | ७ |
| ३. | व्यवसाय विस्तारको सम्भावना | १० |
| | क) २० रोपनी भन्दा अधिक भएको | १० |
| | ख) सम्भावना १५ रोपनी देखि २० रोपनी सम्म | ७ |
| | ग) १० रोपनी देखि १५ रोपनी सम्म | ६ |
| | घ) १० रोपनी भन्दा कम भएको | ५ |
| ४. | संचालकको जग्गा | १० |
| | क) आफ्नो जग्गा भएको | १० |
| | ख) कम्तीमा २० बर्षको लागि लिजमा लिएको | ८ |
| | ग) १५ देखि १९ बर्ष लागि लिजमा लिएको सम्झौता | ६ |
| | घ) १० देखि १५ बर्ष लागि लिजमा लिएको सम्झौता | ४ |
| ५. | प्राविधिक ज्ञान अनुभव र दक्षता | ५ |
| ६. | बजार सम्मको पहुँच | ५ |
| ७. | व्यवसायसंग सम्वन्धित भौतिक संरचना (सडक बिजुली र सिंचाई) | १० |
| | क) तीनवटा भौतिक संरचना | १० |
| | ख) दुईवटा भौतिक संरचना | ८ |
| | ग) एकवटा भौतिक संरचना | ६ |
| ८ | लगानीको श्रोतको आधारको प्रमाण | १० |
| ९ | व्यवसायिक योजना प्रस्ताव | १५ |
| १० | प्रस्तावको समग्र स्तर र दिगोपन | १५ |
| | जम्मा | १०० |



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची ६

(दफा ११ सँग सम्वन्धित)

## सम्झौता पत्र

आ.व. २०...../०........ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत................जिल्लाका स्याउ उत्पादन हुने क्षेत्रहरुमा स्याउ बगैचा सुधार तथा व्यवस्थापन कार्यक्रम अनुसार बगैचा सुधार तथा व्यवस्थापन गर्ने कार्यक्रम अनुरुप...,.......(प्रथम पक्ष भनिने) र ............................(दोश्रो पक्ष भनिने) को स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन गर्न दुवै पक्षबीच तपसिलको शर्तहरु पालना गर्ने गरी सहमति कायम भएकोले यो सम्झौता गरिएको छ ।

शर्तहरु:

- यो सम्झौतापत्र...........र................बीच स्याउ बगैचा व्यवस्थापनको लागि मात्र प्रयोग गरिने छ ।
- पुरानो बगैचा मध्येबाट छनौट गरी स्वीकृत बजेट अनुसार प्रति हेक्टर रु. ..... /- (अक्षरेपी रु......) नबढ्ने गरी ............बाट......... हेक्टरको लागि.....% अनुदानको हिसाबले हुन आउने रकम रु. ............./- (अक्षरेपी रु. .......मात्र) उपलब्ध गराई कार्यक्रम संचालन गरिनेछ ।लागत अनुमानमा उल्लेख भए बमोजिमका क्रियाकलापहरु कृषक समुहले कृषि प्राविधिकको सुझाब सल्लाह अनुसार गर्नु पर्नेछ ।
- यो सम्झौता दुवै पक्षको दस्तखत भएको मितिदेखि प्रारम्भ भएको मानिने छ ।
- समूहले कार्यक्रम संचालन गर्दा समूह/संस्थाको बैठकको निर्णय अनुसार गर्नु/गराउनु पर्नेछ।
- कृषक समूहलाई पेश्की स्वरुप ........% रकम प्राथमिक स्तरमा बिल भरपाई प्राप्त भएपछि बाँकी ......% रकम उपलब्ध गराईनेछ ।
- ........... उपलब्ध गराउने रकम समूहको नाममा रहेको बैंक खातामा जम्मा गरिनेछ ।
- यस कार्यक्रम अन्तर्गत स्याउ बगैंचा व्यवस्थापन कार्य दिईएको कार्य तालिका अनुसार समयभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।
- यसमा लाग्ने कुल लागत खर्चको अनुमान यसै साथ संलग्न गरिएको छ ।
- अनुदानग्राहीले आफ्नो व्यवसायको बिमा अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।
- अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी माग्नु पूर्व अनुदान कार्यक्रमको सार्वजनिकीकरण गरेको हुनु पर्दछ । साथै परियोजना लागू भएको क्षेत्रमा लागत विस्तृत विवरण झल्किने होडिंग बोर्ड समेत व्यवस्था गरेको हुनु पर्दछ ।
- यसमा उल्लेख नभएका अन्य कुराहरु आपसी समझदारी अनुसार तथा **स्याउ बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन कार्यविधि**, २०७६ बमोजिम हुनेछ ।
- यस कार्यक्रम संचालन गर्दा कुनै बाधा व्यवधान आएको खण्डमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रथम पक्षको तर्फबाट
नाम,थर :
पद :
संस्थाको नाम र छाप :

दोश्रो पक्षको तर्फबाट
नाम,थर :
पद :
संस्थाको नाम र छाप :

अनुसुची ७

(दफा १२ सँग सम्वन्धित)

**संचालन हुने कार्यक्रम तथा प्रक्रिया तपसिल बमोजिम हुनेछ**

| सि.नं | कार्यक्रम विवरण | क्रियाकलाप | अनुदान प्रतिसत |
|---|---|---|---|
| १ | कृषि औजार तथा उपकरण | सिकेचर, प्रुनिङ्ग स , चक्कु, लुपिङ्ग सिजर, मेजरिङ्ग टेप, तौल गर्ने मेसिन, बाल्टी, भऱ्याङ्ग, म्याग्निफाईङ्ग लेन्स, मेजरिङ्ग सिलिन्डर, रिफ्रेक्टोमिटर, आरी, स्प्रेयर, एल्मुनियमको ६ खुटकिलो भएको फोल्डीङ्ग भर्याङ्ग, पोल प्रुनिङ्ग स आदि लगायतका वागबानी औजार उपकरण लगायतका उत्पादन समाग्रीहरु जस्तै मिनिटीलर, रुख व्यवस्थापन उपकरण आदि | परल मूल्यमा बढिमा ५०% अनुदान दिईने छ । |
| २ | माटो परीक्षण (प्राथमिक तथा शुक्ष्म तत्वको बिश्लेशण) | माटो परीक्षण प्रयोगशालामा माटो जाँच | |
| ३ | वाली संरक्षण | स्याउमा लाग्ने रोग कीरा व्यवस्थापनका लागि जैविक तथा वनस्पतिक विषादीलाई प्राथमिकता दिई व्यवस्थापन गरिने छ ।<br>विकल्पको रुपमा रासायनीक विषादी पनि प्रयोग गर्न सकिने छ । | परल मूल्यमा बढिमा ५०% अनुदान दिईने छ । |
| ४ | सिंचाई | प्लास्टीक पोखरी / सिमेन्टेड पोखरी/ सिंचाई पाइप / थोपा सिंचाई/ सिंचाई कुलो | परल मूल्यमा बढीमा ८५% अनुदान दिईने छ । |
| ५ | पुरानो बगैंचा व्यवस्थापन | सुक्ष्म तत्व तथा कम्पिटमल आदिमा अनुदान । वोर्डो मिश्रण तथा पेष्ट बनाउनका लागि चुना, निलोतुथो, तथा आलसको तेल आदिमा | परल मूल्यमा बढिमा ५०% अनुदान दिईने छ । |

नोटः उत्पादन सामाग्री आदिको जिल्ला दररेट अनुसारको मुल्यमा १० वर्ष कटेको प्रति बोट लाई रु. ५००/-मा नबढाई ५० प्रतिशत अनुदान उपलब्ध गराउने । उत्पादन सामाग्री (रासायनीक तथा प्रङ्गारीक मल )को ढुवानी मूल्यमा जिल्ला दररेट मा ७५ प्रतिशत अनुदान दिने ।